नेपाल सरकार

# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

( आर्थिक प्रशासन शाखा )

फो.नं.४२००४६०
४२००२८७
सिंहदरवार काठमाडौं

प.सं. :-२०७७/७८
च.नं. :- ६४

मितिः- २०७७/०६/०६

विषयः- साविक जिल्ला विकास समितिको कार्यालयमा स्थायी नियुक्ती भएका कर्मचारीको अवकास भुक्तानी सम्वन्धमा।

श्री जिल्ला समन्वय समितिको कार्यालय (सवै),

साविक जिल्ला विकास समितिको कार्यालयमा स्थायी नियुक्ती भएका कर्मचारीको अवकास भुक्तानी सम्वन्धमा यस मन्त्रालययको स्थानीय तह समन्वय शाखाको च.नं.०५ मिति २०७७/०४/०४ को पत्रको वुँदा नं.१ मा साविक जिल्ला विकास समितिको कार्यालयमा स्थायी नियुक्ती भई कर्मचारी समायोजन ऐन,२०७५ बमोजिम गाउँपालिका तथा नगरपालिकामा समायोजन भएका र कानून वमोजिम सम्वत २०७७ साल असार मसान्तभित्र अवकाश प्राप्त कर्मचारीको सञ्चित विदा,औषधि उपचार र उपदानको रकम जिल्ला समन्वय समितिमा रहेको कर्मचारी कल्याणकोषवाट भुक्तानी गर्ने भनि स्पष्ट उल्लेख गरि पठाईएको, कर्मचारी कल्याणकोषवाट भुक्तानी गर्न नपुग भएको हकमा सोही पत्रको वुँदा नं.२,३ र ४ अनुसार विवरण सहित मन्त्रालय मार्फत अर्थ मन्त्रालयमा निकासाकोलागि अनुरोध गरि पठाउने व्यवस्था गर्ने भनि परिपत्र भएको ।

कर्मचारी कल्याणकोषवाट भुक्तानी गर्न नपुग भएको हकमा सोही पत्रको वुँदा नं.२,३ र ४ अनुसार विवरण सहित मन्त्रालय मार्फत अर्थ मन्त्रालयमा निकासाकोलागि अनुरोध गरि पठाउने प्रयोजनकोलागि यस मन्त्रालयको आर्थिक प्रशासन शाखाको च.नं.२७ मिति २०७७/०४/२१ को पत्रवाट पठाउनु पर्ने कागजात तथा प्रक्रिया थप प्रष्ट पारि पठाईएकोमा कति पय जिल्ला समन्वय समितिमा कर्मचारी कल्याणकोषमा रकम मौज्दात रहे पनि भुक्तानी नगरेको गुनासाहरु आएको हुँदा कर्मचारी कल्याणकोषको रकम वाट नियमानुसार अवकास भुक्तानी गर्न वाधा नपर्ने व्यहोरा अनुरोध छ ।

२०७७/६/६

उमेश्वर प्रसाद काफ्ले
लेखा अधिकृत

बोधार्थः-

श्री सुचना प्रविधि शाखा
संघीय मामिला तथा समान्य प्रशासन मन्त्रालय सिंहदरवारः- wabesite मा अपलोड गरि दिनु हुन ।